# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## बाइसौं वार्षिक साधारण सभाको

## छलफल तथा निर्णयहरुको विवरण

(माईन्युट)

२०७७ फागुन २५ गते मंगलबार

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाडौं

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

बाइसौं वार्षिक साधारण सभाको

छलफल तथा निर्णयहरूको विवरण

(माईन्युट)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७।१०।२७ का दिन बसेको संचालक समितिको २७१औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको बाइसौं वार्षिक साधारण सभा २०७७।११।२५ गते मंगलबार (मार्च ९, २०२१) का दिन दिउँसो १:०० बजे संस्थाको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा सभा संचालन भयो । विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको कारणले सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा संचालन गर्नु पर्ने विशेष परिस्थितिका कारण भर्चुअल माध्यमबाट संचालन हुने व्यवस्था गरी सभा गरिने व्यहोरा उल्लेख गरी मिति २०७७।१०।३० गते शुक्रबारको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा र मिति २०७७।११।०७ गते शुक्रबारको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना प्रकाशित गरी शेयरधनीहरूलाई जानकारी गराइएको थियो ।

१. वैधानिक सभा:

कम्पनी ऐन २०६३ र यस संस्थाको नियमावली बमोजिम संस्थाको बाइसौं वार्षिक साधारण सभा भर्चुअल (ZOOM) माध्यमबाट संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीको सभापतित्वमा निम्न मिति, समय र स्थानमा संस्थाको बाइसौं वार्षिक साधारण सभा सम्पन्न भयो । सो सभामा शेयरधनीहरूको उपस्थिति वैधानिकता र छलफलका विषय तथा निर्णयहरू निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति: २०७७ फागुन २५ गते, मंगलबार (मार्च ९, २०२१) ।

स्थान: निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय भगवतीबहाल, नक्साल, काठमाडौंको सभास्थलमा (भर्चुअल (ZOOM) माध्यमबाट संचालन गरिएको) ।

समय: दिउँसो १:०० बजे सुरू भई दिउँसो २:१५ बजे सम्पन्न भएको ।

३. सभाको सूचना:

कम्पनी ऐन २०६३ को दफा ६७ तथा यस संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको बाइसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७७।१०।३० गते शुक्रबारको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा र मिति २०७७।११।०७ गते शुक्रबारको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनीहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

४. उपस्थिति:

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित संचालकहरू:

४.१.१ श्री शरद निधि तिवारी — अध्यक्ष
४.१.२ श्री देबेन्द्र बहादुर राउत — संचालक
४.१.३ श्री सुशील जोशी — संचालक
४.१.४ श्री इश्वर मान श्रेष्ठ — संचालक
४.१.५ श्री टोप बहादुर रायमाझी — संचालक
४.१.६ श्री सम्रिता तिवारी — संचालक

४.२ संस्थागत प्रतिनिधिको उपस्थिती:

४.२.१. श्री अन्जु पाण्डे, — प्रतिनिधि, निर्धन संस्था
४.२.२. श्री सुशील जोशी, — प्रतिनिधि, हिमालयन बैंक लिमिटेड
४.२.३. श्री इश्वर मान श्रेष्ठ — प्रतिनिधि, नबिल बैंक लिमिटेड
४.२.४. श्री केशव राज पौडेल — प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड

४.३ अन्य आमन्त्रित कम्पनीका प्रतिनिधीहरूको उपस्थिति:

४.३.१ श्री राजन प्रसाद पौडेल, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ
४.३.२ श्री अनिल कुमार शाह, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ
४.३.३ श्री अनिल पन्थी, एनआइबिएल एस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौ

४.४ शेयरधनीहरूको उपस्थिति:

भौतिकरूपमा संस्थापक शेयरधनीहरूको उपस्थिति संख्या: ८ जना
भौतिकरूपमा सर्वसाधारण शेयरधनीहरूको उपस्थिति संख्या: २२ जना
भर्चुअल माध्यमबाट उपस्थिति शेयरधनी संख्या: १५ जना
कुल उपस्थित शेयरधनी संख्या: ४५ जना

४.५ कर्मचारीहरूको उपस्थिति:

सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, सहायक महाप्रवन्धक श्री राज नारायण दास, कम्पनी सचिव एवम् मुख्य व्यवस्थापक श्री राम बहादुर चौधरी लगायत अन्य व्यवस्थापकिय, सहायक तथा सहयोगी श्रेणीका गरी कुल ३१ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम्, भर्चुअल तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | ९,४०० | ४५ | ४५ | |
| ग्रहण गरेको कित्ता | १,५०,००,००० | १०,०९२,४७४ | १०,०९२,४७४ | ६७.२८ % |

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

६. <u>सभाको वैधानिकता र अध्यक्षता :</u>

६.१ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम यस संस्थाको बाइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरू ३० जना तथा भर्चुअल (Zoom) को माध्यमबाट १५ जना समेत गरी उपस्थित शेयरधनीहरुको संख्या ४५ जना भएको र कुल शेयरको ६७.२८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम दिउँसो १:०० बजे अध्यक्ष श्री शरद निधि तिवारीको अध्यक्षतामा यस संस्थाको बाइसौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ यस संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले उपस्थित सबै शेयरधनी तथा आमन्त्रितहरूलाई स्वागत गर्नुभयो ।

६.४ अध्यक्षले सबै संचालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडी बढाउनुभयो ।

७. <u>छलफलको विषयहरू</u>

क. <u>सामान्य प्रस्ताव:</u>

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७६/०७७ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

(३) संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको ०.६८४२१०५ प्रतिशतले हुन आउने रकम रू. १,०२,६३,१५८।- (अक्षरेपी एक करोड दुई लाख त्रिसठ्ठी हजार एक सय अन्ठाउन्न मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/०७८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

काठमाडौं २०५५

ख. <u>बिशेष प्रस्ताव:</u>

(१) यस संस्थाको अधिकृत पूंजी रू. २ अर्बबाट वृद्धि गरि रू. ३ अर्ब पुऱ्याउने प्रस्ताव स्वीकृत गर्ने ।

(२) संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०७६/०७७ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको १३ प्रतिशतले हुन आउने रकम रू. १९,५०,००,०००।- (अक्षरेपी उन्नाइस करोड पचास लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

(३) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा वढि लघुवित्त वित्तीय संस्थाहरूलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी वढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(४) संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(५) संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(६) संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

ग. विविध ।

८. <u>सभाको संचालन:</u>

सभाको संचालन संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले गर्नु भएको थियो ।

९. <u>आसन ग्रहण:</u>

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथीहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

१०. स्वागत मन्तव्य:

संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले सभामा भौतिक तथा भर्चुअल माध्यमबाट उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथी, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गरी अध्यक्षज्यूको अनुमतिले सभाको शुरूवात गर्नुभयो ।

११. <u>वार्षिक प्रतिवेदनको प्रस्तुति:</u>

संस्थाका संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीले संचालक समितिको तर्फबाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो र शेयरधनीहरूलाई अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

काठमाडौं
२०५५
केन्द्रीय कार्यालय

१२. <u>छलफलका लागि सहभागी शेयरधनीहरू:</u>

छलफलका लागि प्रस्तुत विषयवस्तु उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनीहरूले भर्चुअल मार्फत सभामा छलफलमा भाग लिनु भयो ।

१. श्री दामोदर प्रसाद रेग्मी

२. श्री डमरू बल्लभ घिमिरे

३. श्री अमृत नाथ रेग्मी

४. श्री ईन्द्र कृष्ण श्रेष्ठ

१३. <u>छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:</u>

<u>श्री दामोदर प्रसाद रेग्मी:</u>

- संस्थाले कोभिड-१९ महामारीको अवस्थामा कर्जा उठाउनुभन्दा पनि ग्राहक संरक्षणमा ध्यान दिएकोमा संस्थालाई धन्यबाद दिन चाहन्छु ।
- यस संस्थाको नियत सफा रहेको र आदरणीय डा. हरिहरदेव पन्तले देखाएको बाटोमा अगाडि बढ्दा अझ राम्रो प्रगति हुने देखिन्छ ।
- कोभिड-१९ को प्रतिकूल अवस्थामा पनि संस्थाले १३ प्रतिशत बोनस दिनु राम्रो रहेको ।

<u>श्री डमरू वल्लभ घिमिरे:</u>

- कोभिड-१९ को बावजुद पनि समयमै साधारण सभा सम्पन्न गर्न लागेकोमा धन्यबाद ।
- यस्तो अवस्थामा पनि १३.६८ प्रतिशत लाभांश दिन सफल भएकोमा संस्थालाई धन्यबाद ।
- डा. हरिहरदेव पन्तले आफू स्वर्ग हुनुभन्दा अघि कुनै वर्ष पनि १५ प्रतिशत भन्दा लाभांश नघट्ने भनेकोमा यस वर्ष केही घटेकोले अगामी वर्षमा बढोस् ।
- नेपाल राष्ट्र बैंकले ग्राहकलाई २ प्रतिशत र १० प्रतिशत व्याज छुट दिन निर्देशन भएकोमा लघुवित्तलाई सो नियम लागू भएको छ, छैन, त्यसले यस संस्थालाई के कति असर गर्‍यो, सो जानकारी पाउन चाहन्छु ।

<u>श्री अमृत नाथ रेग्मी:</u>

- छिमेक र निर्धनको तुलना गर्दा Deposit छिमेकभन्दा कम देखिएकोले यसलाई बढाउन आवश्यक देखिन्छ ।
- Loan हेर्दा छिमेकभन्दा निर्धन आगाडि देखिएता पनि व्याज आम्दानी उसकोभन्दा कम रहेकोछ ।
- संस्थाले हरेक क्षेत्रीय कार्यालयमा संस्थाको आफ्नै जग्गा र भवन बनाउनतर्फ लाग्नुपर्ने देखिन्छ ।

<u>श्री ईन्द्र कृष्ण श्रेष्ठ:</u>

- २२ औं वार्षिक साधारण सभाबाट १३ प्रतिशत बोनस शेयर, सबैलाई धन्यबाद ।
- अतिथि खर्च रू. ४५,६९,४४४। बढी भयो ।
- शेयरधनीहरूको बुझिलिन बांकी लाभांश रू.५,६४,७३,५०१। के कसरी उपलब्ध गराउन सकिन्छ जानकारी पाउं ।

१४. <u>सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ:</u>

अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले शेयरधनीहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यबाद दिदैं उठेका जिज्ञासाहरू प्रष्ट

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

पार्नु भएको थियो । साथै शेयरधनीहरूको राय, सल्लाह र सुझावमा आत्मसात गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

१५. सभाको निर्णयः

(क) सामान्य प्रस्ताव सम्बन्धी निर्णयः

प्रस्ताव नं. १. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७६/०७७ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णयः सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

निर्णयः लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.३. संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूंजीको ०.६८४२१०५ प्रतिशतले हुन आउने रकम रु. १,०२,६३,१५८।- (अक्षेरुपी एक करोड दुई लाख त्रिसठ्ठी हजार एक सय अन्ठाउन्न मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

निर्णयः संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूंजीको ०.६८४२१०५ प्रतिशतले हुन आउने रकम रु. १,०२,६३,१५८।- (अक्षरेपी एक करोड दुई लाख त्रिसठ्ठी हजार एक सय अन्ठाउन्न मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/०७८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

निर्णयः बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/७८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने गरेको सिफारिस माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको चालु आर्थिक वर्ष २०७७/०७८ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स, पुल्चोक ललितपुरले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले श्री

सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स, पुल्चोक ललितपुरलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्न तथा अंग्रेजी अनुवाद समेत गर्न पारिश्रमिक भ्याट सहित रु.५,००,०००। (अक्षरेपी पांच लाख रुपैया मात्र) कायम गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस गरे बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं. ५ संस्थाको संचालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

निर्णय: संस्थाको संचालक समितिका सदस्य नबिल बैंक लिमिटेडबाट मनोनित भई यस संचालक समितिमा नियुक्त हुनु भएका संचालक श्री इश्वर मान श्रेष्ठलाई सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले अनुमोदनका लागि प्रस्तुत गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

(ख) <u>विशेष प्रस्ताव सम्बन्धी निर्णय:</u>

प्रस्ताव नं.१: यस संस्थाको अधिकृत पूंजी रु. २ अर्बबाट वृद्धि गरि रु. ३ अर्ब पुऱ्याउने प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय: यस संस्थाको अधिकृत पूंजी रु. २ अर्बबाट वृद्धि गरि रु. ३ अर्ब पुऱ्याउने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२: संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०७६/०७७ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको १३ प्रतिशतले हुन आउने रकम रु. १९,५०,००,०००।- (अक्षरेपी उन्नाइस करोड पचास लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय: संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०७६/०७७ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको १३ प्रतिशतले हुन आउने रकम रु. १९,५०,००,०००।- ( अक्षरेपी उन्नाइस करोड पचास लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.३: यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी वढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय: यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी वढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.४: संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

निर्णयः संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि गर्नेः प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

प्रस्ताव नं.५: संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

निर्णयः साधारण सभामा प्रस्तुत भए अनुसारको देहाय तिन महलेमा उल्लेख भए बमोजिम प्रबन्धपत्रको दफा ५ को (क), (ख) र (ग) मा संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

**प्रबन्धपत्र संशोधन प्रस्ताव**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ५. कम्पनीको पूंजीको संरचनाः<br>कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हुनेछः<br>(क) कम्पनीको अधिकृत पूंजी<br>रु. २,००,००,००,०००/-<br>(अक्षरेपी दुई अर्ब रुपैया मात्र) हुनेछ । उक्त पूंजीलाई रु.१००/- का दरले दुई करोड थान साधारण शेयरमा विभाजित गरिएकोछ ।<br>(ख) कम्पनीको तत्काल जारी पूंजी<br>रु.१,५०,००,००,०००/-<br>(अक्षरेपी एक अर्ब पचास करोड रुपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूंजी<br>रु.१,५०,००,००,०००/-<br>(अक्षरेपी एक अर्ब पचास करोड रुपैया मात्र) रहेको छ । | दफा ५. कम्पनीको पूंजीको संरचनाः<br>कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हुनेछः<br>(क) कम्पनीको अधिकृत पूंजी<br>रू. ३,००,००,००,०००/-<br>(अक्षरेपी तीन अर्ब रूपैया मात्र) हुनेछ । उक्त पूंजीलाई रू.१००/- का दरले तीन करोड थान साधारण शेयरमा विभाजित गरिएकोछ ।<br>(ख) कम्पनीको तत्काल जारी पूंजी<br>रू.१,६९,५०,००,०००/-<br>(अक्षरेपी एक अर्ब उनान्सत्तरी करोड पचास लाख रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूंजी<br>रू.१,६९,५०,००,०००/-<br>(अक्षरेपी एक अर्ब उनान्सत्तरी करोड पचास लाख रूपैया मात्र) रहेको छ । | संस्थाले बोनस शेयर जारी गरे पश्चात पूंजी वृद्धि भएकोले संशोधन गरिएको । |

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

प्रस्ताव नं. ६: संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

निर्णय: संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

(ग) <u>विविध:</u>

निर्णय: १. वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

१६. <u>धन्यबाद तथा सभा विसर्जन:</u>

अन्त्यमा, बाइसौं वार्षिक साधारण सभा भर्चुअल (ZOOM) माध्यमबाट सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनीहरूको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यबाद दिदैं सभाका सभापतिले दिउँसो २:१५ बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(राम बहादुर चौधरी)
कम्पनी सचिव

(शरद निधि तिवारी)
अध्यक्ष